## दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०६/११ मा स्वीकृत)

दूध उत्पादन व्यवसायमा संलग्न कृषकलाई प्रोत्साहनको व्यवस्था गरी दुग्ध उत्पादन वृद्धि गर्न गण्डकी प्रदेश सरकारको “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी दूध उत्पादनमा आधारित प्रोत्साहन सहयोग सम्बन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

**१.आवेदकको योग्यता र पेश गर्नुपर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक दुग्ध सहकारी संस्था हुनुपर्नेछ।

ख) सहकारी संस्थाले संस्थागत रुपमा दूध विक्रि गरेको हुनुपर्नेछ । संस्थागत रुपमा दूध विक्री नगर्ने भए दूधलाई पाश्चराईज तथा सिलबन्दी प्याकेजिङ गरी विक्री गर्ने गरेको हुनुपर्नेछ।

ग) दैनिक कम्तिमा २०० लिटर र वार्षिक कम्तिमा २०० दिन दूधको कारोवार गर्ने गरेको हुनुपर्नेछ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

ख) सहकारीहरुले अघिल्लो आर्थिक वर्षमा दूधको कारोबार गरेको अभिलेख पेश गर्नुपर्नेछ।

**२. सहकारीको छनौटः**

क) “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा १७ को उपदफा ३ बमोजिमको समितिले सहकारीले पेश गरेको कागजातहरुको आधारमा र आवश्यक भएमा स्थलगत निरीक्षण समेत गरी कार्यक्रममा सहभागी हुन सक्ने दुग्ध सहकारीको सिफारिस गर्नुपर्नेछ।

ख) कार्यालयले छनौट भएका दुग्ध सहकारीलाई चालु आ.व. को कार्यक्रममा सहभागी हुन सक्ने बारे जानकारी गराउनुपर्नेछ।

**३. संचानल गरिने क्रियाकलापहरु :**

क) गण्डकी प्रदेश भित्र दूध उत्पादन गरी दुग्ध सहकारीमा हरेक आ.व. मा कम्तीमा ३० दिन दूध विक्री गर्ने नेपाली नागरिकलाई सम्बन्धित दुग्ध सहकारी मार्फत प्रोत्साहन रकम उपलब्ध गराउनुपर्नेछ।

ख) प्रति सहकारी अधिकतम बार्षिक तीन लाख पचास हजार लिटर दूध उत्पादनको लागी प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ। तर गत आ.व. मा प्रोत्साहन रकम प्राप्त गरेको सहकारीहरुले चालु आ.व. मा गत आ.व. को तुलनामा कम्तिमा १० प्रतिशत थप दूधको कारोवार गरेको हुनुपर्नेछ।

ग) वार्षिक दूध संकलन तीन लाख पचास हजार लिटर भन्दा बढी भएमा हरेक कृषकले प्रोत्साहन रकम प्राप्त गर्न सक्ने दूधको परिमाण निम्न शूत्र प्रयोग गरी निकाल्न सकिनेछ।

दूधको परिमाण (लिटर)=(३५०००० लिटर/सहकारीमा बार्षिक संकलन भएको दूधको परिमाण लिटरमा)*सम्बन्धित कृषकले बार्षिक विक्री गरेको दूधको परिमाण लिटरमा

घ) सहकारीलाई प्रोत्साहन वापत रकम उपलब्ध गराउदा प्रति लिटर अधिकतम रु. २.५० (दुई रुपैया पचास पैसा) को दरले उपलब्ध गराउनुपर्नेछ।

ङ) छनौट भएका सहकारीहरुले प्रत्येक चौमासिकमा प्रोत्साहन वापत रकम प्राप्त गर्न निवेदन पेश गर्नुपर्नेछ।

च) बुँदा ३ (ङ) बमोजिमको निवेदनका साथमा प्रत्येक कृषकले उक्त अवधिमा सहकारीमा विक्री गरेको दूधको परिमाण सहितको विवरणहरु पेश गर्नुपर्नेछ।

छ) सहकारीहरुलाई प्रोत्साहन वापत रकम चौमासिक रुपमा उपलब्ध गराउन सकिनेछ । प्रोत्साहन वापत रकम सहकारीको बैङ्क खातामा उपलब्ध गराउनुपर्नेछ।

ज) सहकारीले प्राप्त रकम कृषकलाई नीजको बैङ्क/वीत्तिय संस्थामा रहेको खातामा जम्मा गरिदिनुपर्नेछ र सो को पूर्ण विवरण सम्बन्धित कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ।

झ) सहकारीले प्राप्त प्रोत्साहन रकमको बढीमा ४ प्रतिशत कार्यक्रम संचालन स्वरुप सहकारीमा राखि बाँकी कम्तिमा ९६ प्रतिशत सम्बन्धित कृषकलाई वितरण गर्नुपर्नेछ।